# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
## विराटनगर, नेपाल ।

☎ : ४६४३३९ (Ext.109)
इमेलः puoemgt@puexam.edu.np


मेडिकल/प.सं./च.नं. 03-082/083

मितिः २०८२।०४।१८ गते ।

**श्री क्याम्पस/ कलेज/ स्कूल प्रमुखज्यू,**
**B.Sc.Nursing/PBNS अध्यापन गराउने सम्पूर्ण क्याम्पस/कलेजहरू**

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्धारा २०८२ (सन् २०२५) सालमा सञ्चालन हुने चिकित्साशास्त्र संकाय अन्तर्गत **Bachelor of Science in Nursing /Post Basic Bachelor in Nursing Science (PBNS)/ Post Basic Bachelor in Nursing (PBN)** प्रथम र दोस्रो बर्षको नियमित/आँशिक तर्फका त्यस क्याम्पस/कलेज/स्कूलका विद्यार्थीहरूलाई २०८२।०५।१८गते सम्म परीक्षा आवेदन **फारम भराई मिति २०८२।०५।२० गते नियमानुसारको परीक्षा शुल्क यस कार्यालयको नविल बैंक लि.मा रहेको खाता नम्बर 00710017518402 मा** जम्मा गरी सो को सक्कलै भौचर र **परीक्षा आवेदन फारम** मिति २०८२।०५।२२ गते सम्ममा पू.वि.परीक्षा व्यवस्थापन कार्यालय,विराटनगरमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । तोकिएको म्याद भित्र परीक्षा आवेदन फारम भर्न छुट भएका विद्यार्थीहरुलाई तपसिल बमोजिमको **विलम्ब शुल्क** सहित परीक्षा आवेदन फाराम भराई पू.वि. परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा पठाउनु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान ...... यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

***परीक्षा आवेदन फारम भराउँदा तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।***

**तपसिल**

१. परीक्षा आवेदन फारम पठाउदा शैक्षिक सत्र (Batch) अनुसार, अंग्रेजीको बर्णानुक्रमअनुसार Ascending order मा फारम मिलाई विषयगत विवरण फारम तयार गरी फाईलिङ्ग गरी पठाउनु पर्ने छ ।
२. परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
३. परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । प्रयोगात्मक विषयमा मात्र अनुतिर्ण विद्यार्थीले समेत अनिवार्य रुपमा परीक्षा आवेदन फारम भर्नुपर्नेछ ।
४. परीक्षा आवेदन फारमको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।
५. कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रतिविषय रू ५००।- लाग्नेछ ।

**६.परीक्षा शुल्क देहाय बमोजिम हुने छ-**

| | |
|---|---|
| १. नियमित तथा आँशिक (परीक्षा शुल्क २०२१ समूह देखि) | रू २,०००।०० |
| २. आंशिक १ विषय (परीक्षा शुल्क) (२०१९ समूह सम्मका विद्यार्थीहरुलाई) | रू ५००।०० |
| ३. आंशिक २ विषय सम्म (२०१९ समूह सम्मका विद्यार्थीहरुलाई) | रू ८००।०० |
| ४. आंशिक २ विषय भन्दा बढि (२०१९ समूह सम्मका विद्यार्थीहरुलाई) | रू ११००।०० |
| ५. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रू १,०००।०० |
| ६. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले १० दिन सम्म) | रू २,०००।०० |
| ७. विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म) | रू ३,०००।०० |
| ८.सम्बन्धन शुल्कः-B.Sc.Nursing (प्रति विद्यार्थी प्रति बर्ष) | रू १५,०००।०० |
| ९.सम्बन्धन शुल्कः-Post Basic Bachelor of Nursing Science (प्रति विद्यार्थी प्रति बर्ष) | रू १५,०००।०० |

--------------------

परीक्षा नियन्त्रक